स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

President
Mr. Krishna Pd. Acharya

Vice President
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

Secretary General
Er. Gore Sherpa

Secretary
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

Treasurer
Mr. Ananda Chaudhary

Executive Committee Members
Mr. Bharat Kumar Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokharel Kadel
Mr. Narendra Ballav Panth

Imme. Past President
Mr. Shailendra Guragain

## प्रेस विज्ञप्ति

आदरणीय सञ्चारकर्मी मित्रहरु,

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूको यहि मिति: २०८० जेष्ठ १७ - २० गतेसम्म भएको भारत भ्रमणका क्रममा उर्जा क्षेत्रमा भएका दीर्घकालीन महत्वका सम्झौताहरुको स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) हार्दिक स्वागत गर्दछ ।

भ्रमणका क्रममा दुवै देशका प्रधानमन्त्रीज्युहरुबाट नेपाल-भारत विद्युत् व्यपारको लागि महत्वपुर्ण बुटवल-गोरखपुर ४०० के.भी. प्रसारणलाईनको सिलान्यास, फुकोट-कर्णाली ४८० मे.वा. जलविद्युत् परियोजना विकास सम्वन्धी समझदारी पत्र, तल्लोअरुण ६६९ मे.वा. को जलविद्युत् परियोजना विकास सम्झौता, नेपाल भित्र विद्युत् प्रसारण लाईन निर्माणको लागि एक्जिम बैक ईण्डीयाबाट सहुलियतपुर्ण प्राप्त कर्जाको उपयोग, नेपालमा निर्माणाधीन जलविद्युत् सडक जस्ता ठुलापुर्वाधार आयोजनामा आवस्यक विष्फोटक पदार्थको सहज र सरल आपुर्ती, पञ्चेश्वर बहुउदेश्यीय परियोजनाको विस्तृत परियोजना प्रतिवदन (डिपिआर) लाई ३ महिना भित्र अन्तिमरुप दिने र वित्तिय प्रवन्ध सहित दुवै सरकारले डिपिआर स्विकृत गरेपछि एकवर्ष भित्रमा कार्यान्वयनमा जाने जस्ता उर्जा क्षेत्रमा भएका महत्वपुर्ण सम्झौताहरु भएका छन् ।

यसका अतिरिक्त विभिन्न जलविद्युत् आयोजनाहरुमा भारतीय लगानी भित्रयाउने, द्विपक्षिय उर्जा व्यापारका लागि प्रसारणलाईन लगायतका संरचनाहरुको निर्माण गर्ने, भारततर्फ उर्जाको दिर्घकालीन व्यपारको लागि वैधानीक आधार शुनिश्चित गर्ने, भारतीय भुमीहुँदै बंगलादेशसम्म नेपालबाट विद्युत् निर्यातको शुरुवात गर्न सैद्धान्तीक सहमती भई त्रिपक्षिय सम्झौताको लागि प्रकृया अगाडि बढाउने सहमती भएको छ । यसका साथै भारतका प्रधानमन्त्रीले नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली खरिद गर्ने लक्ष रहेको बताउनुका साथै यससँग सम्वन्धीत उर्जा व्यापार सम्झौता दुवै देशका सचिब स्तरमा सम्पन्न भएको छ । सम्माननीय प्रधानमन्त्रीज्युको यसपटकको भ्रमणलाई आर्थिक कुटनीतिमा केन्दीत गरि उर्जा व्यपारको लागि महत्वपुर्ण पहल गर्नुभएकोमा उर्जा उद्यमीहरुका तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूलाई हर्दिक धन्यवाद दिन चाहन्छौं ।

सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणपछी उर्जा क्षेत्रमा सकारात्मक संचार भएर लगानीको वातावरण बनेको महसुस भएको हुँदा, विगत केहि वर्ष देखि रोकिएर रहेका करिब १० हजार ५ सय मे.वा. क्षमता भन्दा बढीका आयोजनाहरुको विद्युत् खरिद विक्री तत्काल खुलाउनको लागि सम्माननीय प्रधानमन्त्रीज्यु मार्फत् उर्जामन्त्रालय र नेपाल विद्युत् प्राधिकरणलाई विशेष निर्देशन दिनको लागि माग गर्दछौं ।

Heritage Plaza II, Kamaladi, PO Box 20010, Kathmandu Nepal, Tel. (+) 977-1-4169175 Fax. (+) 977-1-4169175 Email:info@ippan.org.np URL: www.ippan.org.np

**President**
Mr. Krishna Pd. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

**Secretary General**
Er. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kumar Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokharel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain

अन्त्यमा, स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) को २१ औं वार्षिक साधारणसभा यही जेष्ठ ३२ गते विहन ९ बजे हायात रिजेन्सी होटलमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूले उद्घाटन गर्नुहुने कार्यक्रममा उपस्थितिको लागि सम्पुर्ण उर्जा उद्यमी तथा पत्रकार मित्रहरुमा हार्दिक अनुरोध गर्दछौं । यो साधारणसभाले नयाँ कार्यसमितिको चयन गर्ने भएकोले निर्वाचन प्रकृयामा भाग लिनको लागि यहि २५ गते भित्र सदस्यता नविकरण र नयाँ सदस्यता लिनहुन सबै उर्जा उद्यमीलाई अनुरोध गर्दछौं । साथै हालसम्म करिब १६५ आयोजनाहरुले नयाँ सदस्यता लिएका छन् भने करिब १५० पुराना सदस्यहरु नविकरण भएका छन् । सदस्यता लिने कामलाई सहज बनाउन कार्यसमितिको मितिः २०८०।२।२१ को बैठकबाट आयोजनाहरुले सदस्यता आवेदनसँगै सदस्यता शुल्क जम्मा गर्नसक्ने निर्णय गरेको समेत जानकरी गराउन चाहन्छु । यसर्थ सम्पुर्ण ऊर्जा उत्पादकहरुमा समयमै स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) को सदस्यता नविकरण गर्न तथा नयाँ सदस्यता लिई संस्थाको साधारणसभामा भागलिनहुन अनुरोध गर्दछौं ।

धन्यबाद

मिति : २०८०।२।२२

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल २०५७ IPPAN 2001

कृष्णप्रसाद आचार्य
अध्यक्ष
स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान)

Heritage Plaza II, Kamaladi, PO Box 20010, Kathmandu Nepal, Tel. (+) 977-1-4169175 Fax. (+) 977-1-4169175 Email:info@ippan.org.np URL: www.ippan.org.np